# गैरसरकारी संस्था र स्थानीय सरकारबीचको समन्वय र सहकार्यका सम्भावनाहरू



दलबहादुर जि.सी.

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्न थालिएको पनि पाँच वर्ष पूरा भएको छ। यसअन्तर्गत तीन तहका सरकारले आ-आफ्नो कार्य-सीमामा रहेर शक्तिको अभ्यास गरिरहेका छन् । देशको समग्र विकासका लागि सरकारले गैरसरकारी संस्था (गैसस) र निजी क्षेत्रसँग पनि हातेमालो गर्दै जानुपर्ने र गैसस तथा निजी क्षेत्रले पनि सरकारसँग समन्वयमा रही देश निर्माणको महान कार्यमा सहकार्य गर्नुपर्ने जिम्मेवारी रहेको छ । यसै सिलसिलामा गैससले चेतना जागरण गरी सेवाको माग बढाउन र सेवाबाट वञ्चित भएकाहरूका लागि सेवामा पहुँच पुर्‍याई सामाजिक रूपान्तरणमा योगदान दिनसक्ने सम्भाव्यताको पहिचान र समीक्षा गर्नु जरूरी छ ।

> 'देशको समग्र विकासका लागि सरकारले गैरसरकारी संस्था (गैसस) र निजी क्षेत्रसँग पनि हातेमालो गर्दै जानुपर्ने र गैसस तथा निजी क्षेत्रले पनि सरकारसँग समन्वयमा रही देश निर्माणको महान कार्यमा सहकार्य गर्नुपर्ने जिम्मेवारी रहेको छ ।'

स्थानीय सरकारको दोस्रो कार्यकालका लागि २०७९ सालको वैशाख महिनामा सम्पन्न चुनावबाट छनौट भइआएका नवनियुक्त पदाधिकारीहरूको सफल कार्यकालको अपेक्षासहित आगामी दिनमा स्थानीय सरकारले गैससलाई देश विकासका लागि अभिन्न साझेदारको रूपमा परिचालन गर्ने र गैससले पनि स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्दै जाने कार्यको शुभेच्छाका खातिर सहयोग गर्नु यो लेखको आशय रहेको छ ।

*नेपालको संविधान २०७२ को मौलिक हक र कर्तव्य १७ स्वतन्त्रताको हक (घ) मा संघ र संस्था खोल्ने स्वतन्त्रता उल्लेख भएको, त्यसैगरी (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति (१४) मा सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने एवम् राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ-संस्थाहरूलाई संलग्न गराउने उल्लेख गरिएको छ ।*

साभार: नेपालको संविधान, २०७२

*दिगो विकास लक्ष्यको बहुपक्षीय साझेदारीअन्तर्गत विगतका अनुभव र साझेदारीका विभिन्न रणनीतिहरूलाई अझ परिस्कृत गर्दै प्रभावकारी सार्वजनिक, निजी र नागरिक समाजको सहभागितालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उल्लेख गरिएको छ ।*

साभार: दिगो विकास लक्ष्यहरू

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को 'परिचालन र समन्वय गर्ने' सम्बन्धमा गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघ-संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्न सक्नेछ भन्ने उल्लेख भएको पाइन्छ ।*

साभार: स्थानीय सरकार सञ्चालन ऐन, २०७४

## सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

नेपालको संविधान, २०७२ मा निम्नअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची रहेको छ :

१. सहकारी, २. शिक्षा, खेलकूद र पत्रपत्रिका, ३. स्वास्थ्य, ४. कृषि, ५. विद्युत, खानेपानी, सिँचाइजस्ता सेवाहरू, ६. सेवा शुल्क, दस्तुर, दण्ड-जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, ७. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, ८. खानी तथा खनिज ९. विपद् व्यवस्थापन, १०. सामाजिक सुरक्षा र गरिबी निवारण, ११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क, १२. पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय, १३. सुकुम्बासी व्यवस्थापन, १४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, र १५. सवारी साधन अनुमति ।

> 'साझा सूचीका कतिपय क्षेत्रहरू, जस्तै : वातावरण, पर्यावरण तथा जैविक विविधता, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण आदिमा गैससहरूको पनि संलग्नता रहँदै आएको छ ।'

माथि उल्लेख गरिएका साझा सूचीका कतिपय क्षेत्रहरू, जस्तै : वातावरण, पर्यावरण तथा जैविक विविधता, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण आदिमा गैससहरूको पनि संलग्नता रहँदै आएको छ ।

## स्थानीय सरकार सञ्चालनका लागि भएका प्रावधानहरू

संविधानमा स्थानीय सरकारको एकल अधिकार अनुसूची-८ अन्तर्गत (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) स्थानीय तहको अधिकारको सूची निम्नअनुसार रहेको छ :

## स्थानीय तहको अधिकारको सूची

१) नगर प्रहरी, २) सहकारी संस्था, ३) एफ.एम. सञ्चालन, ४) स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर-जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड-जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन, ५) स्थानीय सेवाको व्यवस्थापन, ६) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, ७) स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, ८) आधारभूत र माध्यमिक शिक्षा, ९) आधारभूत स्वास्थ्य र सरसफाइ, १०) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, ११) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ, १२) गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, १३) स्थानीय अभिलेख व्यवस्थापन, १४) घर-जग्गा धनीपुर्जा वितरण, १५) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य, सहकारी, १६) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, १७) बेरोजगारको तथ्याङ्क सङ्कलन, १८) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, १९) खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा, २०) विपद् व्यवस्थापन, २१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, एवम् २२) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ।

माथि उल्लिखित स्थानीय सरकारको एकल अधिकारलाई मनन गर्ने हो भने गैससहरूले ती क्षेत्रभित्रका विभिन्न कामहरूमा लक्षित वर्गलाई सचेतीकरण गराई सेवामा पहुँचका लागि सहयोग गर्न तथा स्थानीय सरकारसँग सहकार्य गर्न सक्ने अपेक्षा राख्न सकिन्छ ।

## स्थानीय सरकारको बजेट प्रक्रिया र समय-तालिका

गैसस र स्थानीय सरकारका बीच प्रभावकारी सहकार्य अभिवृद्धि गर्न स्थानीय सरकारको योजना तथा बजेट तर्जुमाकै बेलादेखि उपयुक्त समय-तालिकाअनुसार विचार गर्दै अघि बढ्नु बढी यथार्थपरक हुन्छ । यस सन्दर्भमा कुन-कुन बेला के के गरिन्छ भन्ने कुरालाई तलको तालिकाले स्पष्ट पार्दछ :

| क.सं. | तह/चरणगत कार्य-विवरण | समय तालिका |
|---|---|---|
| १ | राजस्व परामर्श समितिद्वारा स्थानीय पदाधिकारीका लागि बजेट प्रक्षेपण पेस गर्ने | पुस १५ भित्र |
| | आगामी आ.व.का लागि नेपाल सरकारसमक्ष राजस्व र खर्चको प्रक्षेपण तथ्याङ्कसहित पेस गर्ने | पुस महिनाभित्र |
| २ | नेपाल सरकार/प्रादेशिक सरकारबाट मौद्रिक हस्तान्तरणबारे बजेट सीमा र निर्देशिका प्राप्त गर्ने | फागुन महिनाभित्र |
| ३ | विभिन्न विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने | चैत महिनाभित्र |
| ४ | बजेट निर्धारण समितिबाट स्रोत र बजेटको सीमा निर्धारण/प्रक्षेपण गर्ने | वैशाख १० भित्र |
| ५ | समितिहरू र विषयगत क्षेत्रमा बजेटको सीमा प्रदान गर्ने | वैशाख १५ भित्र |
| ६ | वडातहको कार्यक्रम निर्माणको प्राथमीकीकरण गर्ने | जेठ १५ भित्र |
| ७ | स्थानीय तहका निम्ति आगामी वर्षका लागि एकीकृत बजेट प्रस्तावको तयारी गर्ने | जेठ महिनाभित्र |
| ८ | स्थानीय पदाधिकारीहरूबाट कार्यक्रम र बजेट निर्धारण गर्ने | असार ०५ भित्र |
| ९ | मध्यावधि खर्चढाँचा अनुसार बजेट अनुमान पेस गर्ने | असार १० भित्र |
| १० | स्थानीयतहको परिषद्द्वारा मध्यावधि खर्च-ढाँचा सहितको बजेट र कार्यक्रमहरूको स्विकृति प्राप्त गर्ने | असार महिनाभित्र |
| ११ | चालु आ.व.का लागि कार्यक्रम र बजेट प्रकाशन गर्ने | साउन १५ भित्र |

(स्रोत : स्थानीय क्षेत्रको बजेट तथा कार्यक्रम निर्माण-प्रक्रिया र समय-सीमा)

## गैरसरकारी संस्था र स्थानीय सरकारबीच आर्थिक एवम् मानवीय स्रोतको आदान-प्रदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बुँदा २५ मा 'गैरसरकारी सङ्घ-संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामुदायिक सङ्घ-संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ' भन्न उल्लेख गरिएको छ । तर, कुनै अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामका लागि भने नेपाल सरकारको पूर्वस्वीकृति लिएको हुनु पर्नेछ । यस ऐनअनुसार गैससले स्थानीय तहसँग समन्वय गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

> 'गैरसरकारी संस्थाले स्थानीय सरकारको एकल अधिकारसँग सम्बन्धित विषयहरूमा कार्य गर्ने प्रशस्त सम्भावना रहेको पाइन्छ ।'

(क) स्थानीय तहसँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने ।

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने ।

(ग) स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने ।

सोही ऐनले माथि उल्लिखित कुराहरू विपरित कुनै सङ्घ-संस्थाले काम गरेमा स्थानीय तहले त्यस्तो काम कारवाहीमाथि कार्यान्वयन गर्न रोक लगाउन सक्ने र समन्वयसम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनबमोजिम हुने कुरा पनि प्रष्ट्याएको छ ।

## गैरसरकारी संस्था र स्थानीय सरकारबीचको समन्वय र सहकार्य

उल्लिखित परिचालन र समन्वय गर्ने सम्बन्धमा भएका प्रावधानहरूले गैरसरकारी संस्थाले स्थानीय सरकारको एकल अधिकारसँग सम्बन्धित विषयहरूमा कार्य गर्ने प्रशस्त सम्भावना रहेको पाइन्छ । स्थानीय सरकारले पनि आफ्नो कार्ययोजनाअनुरूप गैससको सेवा खरिद गर्ने कार्य गरेको पाइन्छ । त्यसैगरी गैससहरूले बाह्य स्रोतबाट सञ्चालन गर्ने कार्यका लागि समाज कल्याण परिषद्को स्विकृतिअनुरूप प्रदेश सरकार र स्थानीय सरकारसँग सहमति लिई कार्यक्रम सञ्चालन गर्न सक्दछन् ।

## वर्तमानमा भइराखेका अभ्यास र समीक्षात्मक विषयहरू

राष्ट्र विकासमा सरकार र खासगरी सामाजिक रूपान्तरणका लागि गैससको प्रयासमा भएका अभ्यासहरूलाई विशेष समीक्षा

गरी समयसापेक्ष बनाउँदै लैजानका लागि सहयोगी हुने निम्नानुसार ११ विषयहरूमा छलफल गर्नु सान्दर्भिक हुन्छ :

## १. सरकार, गैसस र निजी क्षेत्रको जवाफदेहिता र पारदर्शिता

सरकारसँगको समन्वय र गैसस एवम् निजी क्षेत्रको सहकार्यमा आधारित कार्यक्रमलाई प्रवर्द्धन गरी यी तीनवटै क्षेत्रले आ-आफ्नो जवाफदेहिता वहन गरेमा मात्र राष्ट्र निर्माणको कार्य सहज हुनेछ । सुशासनको प्रत्याभूतिका लागि एकआपसमा दोष लगाएर मात्र समस्यामुक्त हुन सकिँदैन यसका लागि पारदर्शिताको अपरिहार्यताका साथै भ्रष्टाचार विरुद्धको अभियानमा सबै निकायहरू एकजुट भएर लाग्नुपर्ने प्रतिबद्धताको खाँचो छ ।

## २. अल्पकालीन कार्यक्रममा आधारित सहकार्य

पालिकाहरूले आफ्ना वार्षिक योजनामा भएका क्रियाकलापहरूमा गैससबाट सेवा खरिद गर्ने कार्यको सुरुआत भएको छ । खासगरी तालिम, गोष्ठी, अध्ययन, पार्श्वचित्र निर्माणजस्ता कार्यमा आन्तरिक स्रोतको परिचालन वा सहयोगी संस्थाहरूको सहयोगमा गैससहरूलाई संलग्न गराउन थालिएको छ । यस्ता कार्यहरू अल्पकालीन र इभेन्टका रूपमा गरिने तथा सोका लागि प्रतिस्पर्धात्मक अथवा कोटेशनका माध्यमबाट प्रस्तावहरू आह्वान गर्ने गरिएको पाइन्छ ।

## ३. जटिल खरिद प्रक्रिया

गैससबाट सरकारले गर्ने सेवा खरिद प्रक्रियालाई हेर्दा सरकारले निजी क्षेत्र र गैससलाई हेर्ने दृष्टिकोण सोलोडोलो एउटै पाइन्छ । नाफारहित र मुनाफामूलक संस्थालाई एउटै डालोमा राख्ने गरिएको हालको उदाहरणको रूपमा 'अनिवार्य भ्याट बिल चाहिने' कुरालाई लिन सकिन्छ । सेवा खरिदका लागि परामर्शदाता संस्था र निजी कम्पनीहरूका लागि भ्याट बिललाई सहज रूपमा लिइएतापनि गैससका लागि भने यो असहज मानिन्छ ।

> 'गैससबाट सरकारले गर्ने सेवा खरिद प्रक्रियालाई हेर्दा सरकारले निजी क्षेत्र र गैससलाई हेर्ने दृष्टिकोण सोलोडोलो एउटै पाइन्छ ।'

## ४. लक्षित समुदायको सहभागिता

पछाडि पारिएका व्यक्ति वा समुदायहरूमा चेतना जागरण गरी सेवाको मागमा वृद्धि गर्ने र सेवामा उनीहरूको पहुँच पुऱ्याउन मद्दत गर्ने काममा गैससको महत्वपूर्ण योगदान रहेको छ । सरकारका नीति र कार्यक्रममा गरिब, महिला, दलित, जनजाति, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरूको उत्थान र सामाजिक संरक्षणका विषयमा उल्लेख भएतापनि उनीहरूको घरदैलो भेटघाट तथा सहजीकरणको माध्यमले सेवा लिन सक्ने बनाउन गैससले सहयोग गर्दै आएको छ । अतः सेवाग्राही र सेवाप्रदायकको अधिकार र कर्तव्यका लागि पनि सचेतना र वकालत गर्ने भूमिका गैससको छ ।

## ५. दोहोरोपनको न्यूनीकरण

सेवामा सबैको समान पँहुचका निम्ति सबै भूगोलमा राज्यको स्रोतलाई सदुपयोग गर्नका लागि सदरमुकाम र सहरी क्षेत्रमुखी विकासलाई मात्र जोड नदिई अति विपन्न र दूरदराजका समुदायका लागि पनि सेवामा सहजता ल्याउने नीति अवलम्बन गर्नु जरुरी भएको छ । गैससले यस कार्यमा उपेक्षित समुदायको सहजताका लागि सहयोगीको भूमिका निर्वाह गर्नसक्ने हुँदा गैससहरूलाई उनीहरूको दक्षता र कार्यक्षेत्रका आधारमा सबै भूगोललाई समेट्ने हिसाबले परिचालन गरिए पछाडि पारिएका समुदाय र क्षेत्रको अपेक्षित विकास गर्न सकिनेछ ।

## ६. सेवाप्रदायक र सेवाग्राहीका अधिकार र कर्तव्य

गैससहरूले नागरिक समाजका हैसियतले अधिकारमा आधारित विकासका लागि पैरवी गर्दै आएको पाइन्छ । विशेषगरी सेवाग्राहीहरूका अधिकारको पक्षमा बढी पैरवी गरिएतापनि आफ्नो अधिकारको प्राप्तिका लागि अरूको अधिकार हनन नहोस् भन्ने कुरालाई पनि उत्तिकै हेक्का राख्नु जरुरी छ । अर्को मननीय पक्ष हो, अधिकारको कुरा गर्ने तर आफ्नो कर्तव्यप्रति उदासिन रहने । यसो गर्न चाहिँ कदापि मिल्दैन । अधिकार र कर्तव्य दुवै एकै सिक्काका दुई पाटा हुन् । सेवाप्रदायक र सेवाग्राहीका अधिकार र कर्तव्यलाई जवाफदेही बनाउन गैससले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

## ७. क्षमता अभिवृद्धि र अनुभव आदान-प्रदान

सामाजिक रूपान्तरणका लागि कार्यरत नेतृत्ववर्ग, कर्मचारी, अभियन्ता र आबद्ध सङ्गठनको क्षमता अभिवृद्धि भएमा मात्र सेवाग्राहीले गुणस्तरीय सेवा पाउन सक्दछन् । यस्ता सेवाप्रदायकहरू कुन प्रकारको स्कुलिङबाट आएका हुन् एवम् उनीहरूको योग्यता, ज्ञान र क्षमता कस्तो छ भन्ने आधारमा समाज रूपान्तरणका लागि उनीहरूको क्षमता अभिवृद्धि र अनुभव आदान-प्रदान गर्नु अपरिहार्य हुन्छ । यस काममा गैससले सघाउन सक्दछन् ।

### ८. साझा लगानी र विज्ञताको उपयोग

दिगो विकासको जग बसाउनका निमित्त लक्षित वर्गको अपनत्व बोधलाई अनिवार्य शर्तका रूपमा हेर्ने गरिन्छ। यसका लागि साझा लगानीको अवधारणा पनि उत्तिकै महत्वपूर्ण छ । यसप्रकारको लगानी व्यक्तिगत, सामूहिक वा संस्थागत या सरकारी, निजी वा गैससबाट भएको हुन सक्दछ। आर्थिक स्रोतमात्र नभई विज्ञता र स्थानीय अनुभवजन्य एवम् प्रविधिगत लगानीका हिसाबले पनि गैससले योगदान गर्न सक्दछन्। यसलाई मनन गर्दै साझेदारीको अवधारणालाई आत्मसात गरेर अघि बढ्न सकिन्छ ।

### ९. सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कनको प्रकृयालाई जीवन्त तुल्याउनका लागि यस कार्यमा समुदायको सहभागितालाई पहिलो प्राथमिकता दिनु जरुरी छ । अनुगमन र मूल्याङ्कनलाई विज्ञद्वारा केन्द्रबाट गरिने अभ्यासमा मात्र सीमित नगरी लक्षित समूहका व्यक्तिहरूलाई पनि संलग्न गराई सरकारी, गैसस तथा निजी क्षेत्रका प्रतिनिधिहरू समेत संलग्न भएर संयुक्त अनुगमन गर्ने प्रक्रिया अवलम्बन गरिएमा यथार्थपरक स्थिति आकलन गर्न सकिन्छ । यसैगरी लक्षित वर्ग र सरोकारवालाहरूलाई संलग्न गराई सामाजिक लेखाजोखा तथा विज्ञहरूलाई समेत समावेश गरी कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने प्रणाली अवलम्बन गर्नु पर्दछ ।

> 'सरकार, निजी क्षेत्र, गैसस, मिडिया र नागरिक समाजको संलग्नता र सहकार्य जुटाइएमा उच्चतम सफलता हासिल गर्न सकिन्छ ।'

### १०. आपत्कालीन अवस्थाको सम्बोधन

बाढी पहिरो, भूकम्प, आगलागी, महामारी, भोकमरी, आमहड्ताल, यातायात दुर्घटनाजस्ता आपत्कालीन अवस्थाको सम्बोधनका लागि सबै सरोकारवाला समूह मिलेर सचेतना अभियान सञ्चालन गर्नुपर्ने तथा यसका लागि आपत्कालीन कोषको व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । यस अतिरिक्त सम्भावित आपत्कालीन अवस्थाको सम्बोधन हेतु आवश्यक पूर्वतयारी, -जस्तै: भौतिक सामग्री, स्वयमसेवक, विज्ञ जनशक्ति, सुरक्षा कवच र आपत्कालीन उद्धार टोलीको अग्रीम व्यवस्थापन - पालिका र वडातहमा हुनु जरुरी छ। यसमा आवश्यक तौरतरिकाका लागि गैससले सहयोगी भूमिका खेल्न सक्दछन् ।

### ११. दिगोपनका लागि सहकार्य

विकास कार्य भन्नासाथ आमरूपमा भौतिक विकासमा नै सबैको ध्यान जाने गरेको छ। मानवीय विकासलाई ध्यान नदिई गरिएको विकासले अत्यधिक प्रतिफल दिन र दिगोपन ग्रहण गर्न सक्दैन । दिगोपनका सूचकहरू कार्यक्रमको योजना-चरणमै निश्चय गरिएको हुनु पर्दछ । मानवीय र भौतिक विकासलाई साथसाथै लैजानु पर्दछ । स्थानीय निर्माण तथा उपभोक्ता समितिको कार्ययोजना तयार भएपछि सोको निरन्तरता र टिकाउपनका लागि गर्नुपर्ने कार्यहरूका सन्दर्भमा आवश्यक पर्ने सूचनाको सङ्कलन, फलोअप (अनुगमन), पुनर्ताजगी, सञ्चालन लागतको व्यवस्थापन आदि कसरी गर्ने भन्ने बारेमा कार्ययोजना हुनु जरुरी छ। यस कार्यमा सरकार, निजी क्षेत्र, गैसस, मिडिया र नागरिक समाजको संलग्नता र सहकार्य जुटाइएमा उच्चतम सफलता हासिल गर्न सकिन्छ ।

## निचोड

स्थानीय तहले दिगोविकासका आधारमा काम गर्नका लागि गैसस लगायतको बहुपक्षीय साझेदारीको अहम् भूमिका रहेको कुरालाई नजरअन्दाज गर्न मिल्दैन । सरकारी दस्तावेजको अवलम्बनका लागि तर्जुमा भइसकेका नीतिअनुकूल कार्यान्वयन गर्नुका साथै सहभागीमूलक अवधारणाको अवलम्बन, स्रोतको उचित व्यवस्थापन, सुशासन र दिगोपनको सुनिश्चतता पनि उत्तिकै जरुरी छन् । यी कुराहरूलाई कसरी समेट्ने भन्नेबारेमा गैससले सघाउन सक्दछन् । यस्ता विभिन्न सन्दर्भहरूमा सरकार, गैसस र निजी संस्थाहरूको पारस्परिक समन्वय र सहकार्यको अपरिहार्यता रहेको छ। सेवाको मागमा वृद्धि, पछाडि पारिएका व्यक्तिहरूको सेवामा पहुँच अभिवृद्धि, सेवा प्रवाहको सुनिश्चितता, अधिकारमुखी विकास र नागरिकको कर्तव्य, गुणस्तरीय सेवा, सुशासन, क्षमता विकास, आत्मनिर्भरता, जवाफदेहिता, स्रोतको आदान-प्रदान र सदुपयोग, दिगो विकासका लागि सहकार्यको प्रवर्द्धन र स्तरोन्नति आजको विकास कार्यका आवश्यकताहरू हुन्। जसमा उपयुक्त क्षमता भएका गैससहरूले स्थानीय सरकारलाई महत्वपूर्ण सहयोग गर्न सक्ने भएकाले उनीहरूसँग पनि सहकार्य गर्दै अघि बढ्न सकिए गुणात्मक प्रतिफल हासिल गर्न स्थानीय सरकारलाई पनि सजिलो हुनेछ। त्यसैले अब एकले अर्कका गल्तीमात्र औंल्याउने कुरामा सीमित नरही जनहितलाई केन्द्रमा राखेर गैसस र स्थानीय सरकार दुवैले एकले अर्कालाई सघाउँदै अघि बढ्नु समयको माग भएको छ ।

***लेखक बलबहादुर जि.सी. विभिन्न गैरसरकारी संस्थाहरूको नेतृत्व तहमा रहँदै आउनु भएको छ र नेपानमा पनि कोषाध्यक्ष हुनुहुन्छ ।***